बुधवार, माघ ५, २०७८ (Wednesday, January 19, 2022) , कान्तिपुर राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित

**नेपाल सरकार**
## श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
## श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग
## मीनभवन, काठमाडौंको सूचना

**विषयः श्रम ऐन, २०७४, श्रम नियमावली, २०७५ कार्यान्वयन सम्बन्धमा ।**

प्रस्तुत विषयमा श्रम ऐन, २०७४ एवं श्रम नियमाावली, २०७५ क्रमशः मिति २०७४/०५/१९ गते र मिति २०७५/०३/०८ गते जारी भई कार्यान्वयनको चरणमा रहेको हुँदा तपसिलमा उल्लेखित कानूनी प्रावधान लगायत श्रम ऐन, नियमावलीमा भएका व्यवस्थाहरू अविलम्ब कार्यान्वयनको लागि सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

१. रोजगार सम्झौता नगरी काममा लगाउन नहुने ।

२. नेपाल सरकारले मिति २०७८/०४/०१ गतेदेखि लागू हुने गरी निर्धारण गरेको न्यूनतम पारिश्रमिक लागू गर्ने ।

| न्यूनतम पारिश्रमिक | आधारभूत पाारिश्रमिक | महङ्गी भत्ता | जम्मा रू. |
|---|---|---|---|
| मासिक | ९,३८५/- | ५,६१५/- | १५,०००/- |
| दैनिक | ३६१/- | २१६/- | ५७७/- |
| प्रतिघण्टा | ४८/- | २९/- | ७७/- |

३. योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा नियमानुसार ३१% रकम जम्मा गर्ने ।

४. प्रतिष्ठानको व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य नीति, व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य समिति गठन लगायत OSH सम्बन्धी कानूनी व्यवस्था कार्यान्वयन गर्ने ।

५. श्रम ऐन, २०७४ को दफा ५ विपरित बालश्रम प्रयोग गरेमा बालश्रम(निषेध र नियमित गर्ने) ऐन २०५६, बमोजिम एक वर्षसम्म कैद वा पचास हजार रुपैयासम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

**विदेशी नागरिकको श्रम इजाजत सम्बन्धी**

१. यस विभागबाट श्रम इजाजत प्राप्त गरी विदेशी श्रमिकलाई काममा लगाउने रोजगारदाताले नेपाली नागरिकलाई दक्ष बनाई विदेशी श्रमिकलाई क्रमशः प्रतिस्थापन गर्ने व्यवस्था गर्नुहुन अनुरोध छ ।

२. विदेशी नागरिकको श्रम इजाजत नियामानुसार थप गर्नुपर्ने भए श्रम इजाजत अवधि म्याद समाप्त हुनु भन्दा ३० दिन अगावै सम्पूर्ण काजगात सहित यस विभागमा निवेदन दिनु पर्नेछ ।

३. श्रम इजाजत नलिई विदेशी नागरिकलाई काममा लगाउने प्रतिष्ठानलाई प्रचलित कानून बमोजिम कारवाही गरिनेछ ।

४. विदेशी श्रमिक नियुक्ति गर्नुपूर्व प्रतिष्ठानले प्रकाशन गरेको विज्ञापन मन्त्रालयको रोजगार पोर्टल (www.jobkhoj.gov.np) मा समेत अनिवार्य राख्नुहुन अनुरोध छ ।

**श्रमिक आपूर्तिकर्ता कम्पनीहरूसँग सम्बन्धी**

१. श्रम नियमावली, २०७५ को नियम ३१(ख) अनुसार आपूर्ति गरिएका श्रमिकहरूलाई वितरण गरेको आधारभूत पारिश्रमिक, भत्ता, सुविधा अतिरिक्त समय काम गरेको पारिश्रमिक लगायतका न्यूनतम पारिश्रमिक प्रस्ट देखिने गरी बैंक मार्फत भुक्तानी भएको प्रमाण तथा प्रत्येक श्रमिकको सामाजिक सुरक्षा कोषमा जम्मा भएको योगदानको विवरण पेश गर्नु पर्ने प्राबधान भएकोले अनिवार्य रुपमा सामाजिक सुरक्षा कोषमा नियमानुसारको रकम जम्मा गर्नुहुन अनुरोध छ ।

२. यस विभाग र सम्बन्धित श्रम तथा रोजगार कार्यालयबाट श्रमिक आपूर्तिकर्ता इजाजतपत्र नलिई श्रमिक आपूर्ति गरिरहेको भन्ने उजरी तथा गुनासो आइरहेको सन्दर्भमा त्यस्ता श्रमिक आपूर्तिकर्ता कम्पनीहरूले अनिवार्य रुपमा यस विभाग वा सम्बन्धित श्रम तथा रोजगार कार्यालयबाट इजाजतपत्र लिएर मात्र सो सम्बन्धी काम गर्नु हुन । अन्यथा श्रम ऐनको दफा १६३(क) बमोजिम कारबाही हुने व्यहोरा जानकारीको लागि अनुरोध छ । साथै मुख्य रोजगारदाता कम्पनीहरूले पनि इजाजतप्राप्त श्रमिक आपूर्तिकर्ता कम्पनीहरूसँग मात्र श्रमिक लिई काम गर्नु गराउनु हुन अनुरोध छ ।

***उल्लेखित विषयहरूको साथै सम्बन्धित कानूनद्वारा निर्धारित अन्य प्रावधानहरूको परिपालना नभएमा श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग एवं श्रम तथा रोजगार कार्यालयहरूबाट इजाजतपत्र प्राप्त कम्पनीहरूको नवीकरण लगायत अन्य सेवाहरू प्रदान गर्न कठिनाई हुने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध गरिन्छ ।***